नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

मा. मन्त्रीस्तरबाट मिति २०८१/०५/२५ (ने.सं. ११४४ यंलाथ्व: सत्तमी, मङ्गलबार) मा स्वीकृत

# प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पशुपन्छीजन्य उत्पादन तथा उत्पादकत्वको वृद्धि मार्फत आत्मनिर्भरता हासिल गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको साथै पशुपन्छी महामारीको प्रभावकारी नियन्त्रण गर्ने उद्देश्यले पशुपन्छी तथा मत्स्य क्षेत्रका अनुदान कार्यक्रमहरूको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र अपेक्षित प्रतिफलमुखी बनाउन वाञ्छनीय भएकोले नेपाल सरकारको विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) अनुसार, यस मन्त्रालयद्वारा यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशस्थित पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ग) "विभाग" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको पशु सेवा विभाग सम्झनुपर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(ङ) "समूह वा समिति" भन्नाले स्थानीय तहमा दर्ता भएका वा कानून बमोजिम दर्ता/सूचिकृत भएका पशुपालक कृषक समूह/समिति सम्झनुपर्छ।

(च) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन, मत्स्य वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ।

(छ) "साझेदारी/लागत साझेदारी/सहकार्य" भन्नाले कार्यक्रम संचालनार्थ गरिने द्विपक्षीय सम्झौता पत्रमा उल्लेखित दोस्रो पक्ष (अनुदानग्राही) को वित्तीय दायित्वलाई जनाउँछ।

(ज) "अनुदानग्राही/लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सशर्त कार्यक्रम सञ्चालनका लागि छनौट भएका कृषक समूह/ समिति/ सहकारी, सङ्घ/ संस्था/ कम्पनी, निजी, उद्यमी/ व्यवसायीहरूलाई सम्झनुपर्छ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(झ) "सशर्त कार्यक्रम" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत् प्रदेश तथा स्थानीय तहहरूमा विनियोजित पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमहरूलाई सम्झनुपर्छ।

(ञ) "सम्बन्धित कार्यालय" भन्नाले प्रदेश, जिल्ला वा स्थानीय तहका पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने कार्यालय सम्झनुपर्छ।

(ट) "पशुपन्छीजन्य उत्पादन" भन्नाले दुध, फुल, माछा, मासु, ऊन, पश्मिना, हाड, छाला र यिनीहरूबाट बनेका वस्तुहरूलाई समेत जनाउँछ।

३. उद्देश्यः यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरूको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन र प्रगति प्रेषणमा सहजीकरण गर्ने।

(ख) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता, पारदर्शिता र एकरुपता कायम गर्ने।

(ग) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरूलाई सुसुचित गर्ने।

(घ) पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने।

## परिच्छेद २
## कार्यक्रम व्यवस्थापन

४. लक्षित वर्ग र क्षेत्रः (१) सम्बन्धित स्थानीय तहले सशर्त कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा सशर्त कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(२) सशर्त कार्यक्रममै स्थान तोकिएको अवस्थामा सोहि बमोजिम र स्थान नतोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

५. समन्वय तथा अनुगमन समितिः (१) प्रदेश मन्त्रालयले सशर्त कार्यक्रम कार्यान्वयनमा सहजीकरण, समन्वय र अनुगमनका लागि समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ तर पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रदेश तहमा कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ।

(२) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश तहमा क्रियाशिल सङ्घीय निकाय, मातहत कार्यालय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ख) प्रदेश र स्थानीय तहबाट सञ्चालित सशर्त कार्यक्रमहरूको अनुगमन र समीक्षा गर्ने,

(ग) सशर्त कार्यक्रम लागु भएका स्थानीय तह, प्रदेशका निकायहरूको वर्षको कम्तिमा दुई पटक समीक्षा बैठक सञ्चालन गर्ने र यस्तो समीक्षा बैठकमा सङ्घीय विभाग र मन्त्रालयको सहभागिता गराउनु पर्ने,

(घ) सशर्त कार्यक्रम सञ्चालनमा आइपरेका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने।

६. <u>कार्यक्रम कार्यान्वयन कार्यदलः</u> (१) स्थानीय तहले पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी सशर्त कार्यक्रम सञ्चालन गर्नका लागि पशुपन्छी तथा मत्स्य क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राविधिक संलग्न रहने गरी एक कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्नेछ तर पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहमा कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ।

(२) कार्यक्रम कार्यान्वयन कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम प्रोत्साहन अनुदान तथा व्यवसाय विस्तार अनुदान प्रदान गरिने लक्षित वर्ग, क्षेत्र, समुदाय र अनुदानग्राही छनौटका आधारहरू निर्धारण गर्ने,

(ख) पशुपन्छी तथा मत्स्य प्रवर्धन, व्यवसायीकरणको क्षेत्रमा नव-प्रवधिको अवलम्बन गरेका र अरु व्यवसायीहरूलाई प्रविधि सिकाउन तथा उत्प्रेरित गर्न उत्प्रेरकको, अगुवाको रुपमा कार्य गर्दै आएका कृषक व्यवसायीहरूको सुचना प्रवाह गरेर सुची तयार गर्ने,

(ग) सुचीकृत गरिएका पशुपन्छी तथा मत्स्य व्यवसायीहरूलाई निश्चित मापदण्ड तयार गरी मूल्याङ्कन, स्थलगत अनुगमन गरि उत्कृष्ट ठहरिएका व्यवसायीहरूलाई उपलब्ध बजेटको अवस्था हेरी निश्चत प्रोत्साहन अनुदान उपलब्ध गराउन सिफारिस गर्ने,

(घ) व्यवसाय विस्तारको लागि पुरक प्रोत्साहन अनुदान प्रदान गर्न व्यवसायहरूको मापदण्ड तयार गरी व्यवसाय विस्तार गर्न ईच्छुक व्यवसायीहरूको लागि,

(ङ) व्यवसाय विस्तारको प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्ने,

(च) प्रोत्साहन अनुदान तथा व्यवसाय विस्तार अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरूको नामावली एफ.एम. रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गर्ने।

(छ) व्यवसाय विस्तारको लागि पुरक प्रोत्साहन अनुदानको लागि छनौट भएका अनुदानग्राहीहरूलाई उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौताको लागि सिफारिस गर्ने,



सचिव

(ज) सम्झौता अनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौता अनुसार रहेमा अनुदान रकम भुक्तानीका लागि सिफारिस गर्ने र सम्झौता अनुसार कार्य भएको नपाईएमा वा अनुदानको दुरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सम्झौता रद्द गर्न सिफारिस गर्ने,

(झ) सञ्चालित सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन, पृष्ठपोषण र समीक्षा गर्ने,

(ञ) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालनमा र आइपरेका समस्या सम्बोधनमा आवश्यक समन्वय गर्ने।

(३) स्थानीय तहको पशु सेवा हेर्ने शाखाले कार्यदलको सचिवालयको कार्य गर्नेछ।

(४) यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरूको मूल्याङ्कन, स्थलगत निरीक्षण, अनुगमन, सम्पादित कार्यको प्रमाणीकरण, भुक्तानी सिफारिस र अन्य कार्यहरूका लागि कार्यदलले आवश्यकता अनुसार कार्यसमूह गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

७. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> (१) सशर्त कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयले वार्षिक विनियोजन अनुसारका कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसारको म्याद दिई *अनुसूची-१* बमोजिमको सार्वजनिक सूचना मार्फत प्रस्ताव/कार्ययोजना माग गर्नुपर्नेछ तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने प्रकृतिका नियमित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरू सम्बन्धित कार्यालयले आवश्यक विधि निर्धारण गरी सञ्चालन गर्न सक्नेछन।

(२) यस कार्यविधिको *परिच्छेद ४* मा उल्लेखित विभिन्न कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पूरा गर्ने इच्छुक आवेदकहरूले सशर्त कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न सक्नेछन्।

(३) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरूले *अनुसूची-२* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची-३* बमोजिमको निवेदन र *अनुसूची-४* बमोजिमका आवश्यक कागजातहरू संलग्न राखी निर्धारित समयभित्र सम्बन्धित कार्यालयमा प्रस्ताव/कार्ययोजना दर्ता गराउनु पर्नेछ।

(४) सम्बन्धित कार्यालयले प्राप्त प्रस्तावहरू *अनुसूची-५* बमोजिम मूल्याङ्कन र प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन कार्यदल समक्ष पेश गर्नेछ।

(५) सम्बन्धित कार्यालयले प्रस्ताव/कार्ययोजना छनौट पूर्व स्थलगत अनुगमन गर्नु पर्नेछ।

(६) सम्बन्धित कार्यालयले पेश गरेका प्रस्तावहरू कार्यक्रम कार्यान्वयन कार्यदलले यथास्थितिमै वा आवश्यक परिमार्जन सहित स्वीकृत गर्नेछ।

(७) स्वीकृत प्रस्तावका आवेदकहरूसँग सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(८) तालिम भ्रमण गोष्ठी अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढिमा ५ प्रतिशत मात्र खर्च गर्न सकिनेछ।

८. **प्रदान गरिने सहुलियत र अनुदान:** (१) प्रदेश तथा स्थानीय तहहरूमा सशर्त विनियोजित बजेटबाट यस कार्यविधिको *परिच्छेद ४* मा उल्लेखित विभिन्न कार्यक्रमको उद्देश्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्राविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यकता बमोजिमका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्य सञ्चालन गर्दा सम्बन्धित कार्यालयले अनुदान उपलब्ध गराउन सक्नेछ। कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरिने अनुदान नगद, वस्तुगत वा दुवै प्रकृतिको हुन सक्नेछ।

(२) सम्बन्धित कार्यालयले प्रचलित सङ्घीय, प्रादेशिक र स्थानीय कानूनहरूको पालना गरी कार्यक्रम सञ्चालन एवम् विनियोजित सशर्त बजेटको खर्च गर्नु पर्नेछ।

९. **सुविधाको सीमा:** प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय र स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निकायबाट सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम पूर्वाधार निर्माण (सार्वजनिक पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम १००% हुनेछ।

(ख) कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू वा उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरू (सामुदायिक पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी पूर्वाधार) को हकमा अधिकतम ८५% हुनेछ।

(ग) निजी एवम् व्यावसायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरू (निजी पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम ५०% हुनेछ।

(घ) प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

## परिच्छेद ४
## कार्यक्रम र प्राविधिक पक्ष

१०. **स्थानीय तह मार्फत सञ्चालन हुने सशर्त कार्यक्रमहरू**

सशर्त अनुदानमा हस्तान्तरण गरिएका कार्यक्रमहरूलाई चार वर्गमा विभाजन गरिएको छ।

(१) सेवा मूलक/सेवा प्रवाह सुदृढिकरण कार्यक्रम

(२) उत्पादन अभिवृद्धि कार्यक्रम

(३) पूवर्धार विकास/निर्माण कार्यक्रम

(४) बजारीकरण कार्यक्रम



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

१०.१ <u>सेवा मूलक/सेवा प्रवाह सुदृढिकरण कार्यक्रम</u>

१०.१.१ <u>एक पालिका एक भेटेरिनरी डाक्टरः</u> (१) स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८१ अनुसार हुनेछ।

१०.१.२ <u>इपिडेमियोलोजिकल रिपोर्टिङः</u> (१) पशुपन्छीमा देखापर्ने विभिन्न रोगहरूको आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्गलाई रियल टाईममा आधारित बनाई समन्वयात्मक रुपमा तत्काल रोग नियन्त्रणका लागि यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले *अनुसूची-९* बमोजिम तत्काल वा मासिक रुपमा इपिडेमियोलोजिकल रिपोर्टिङ गर्नु पर्नेछ। पशु सेवा विभागबाट सञ्चालित राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणालि सञ्चालन गरेका पालिकाहरूले अनिवार्य रूपमा सो प्रणालिमार्फत समेत रिपोर्टिङ गर्नु पर्नेछ।

(३) इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा तयारीको लागि देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा विश्लेषणका लागि स्टेशनरी सामग्री व्यवस्थापन,

(ख) इपिडेमियोलोजिकल सूचना सङ्कलनका लागि सवारी साधनको इन्धन व्यवस्थापन,

(ग) इपिडेमियोलोजिकल सूचना प्रेषणका लागि हुलाक खर्च वा इन्टर्नेट खर्च,

(घ) प्रदेशको जिल्लास्थित कार्यालय समेतको सहभागितामा स्थानीय तहका सरकारी तथा निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मीसँग त्रैमासिक बैठक।

१०.१.३ <u>महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रमः</u> (१) पशुपन्छीमा महामारीजन्य रोगहरू बेलबखत वा अकस्मातमा देखा परिरहने भएकोले उक्त रोगहरू तत्काल नियन्त्रण गरी अन्य क्षेत्रमा फैलिन नदिन महमारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। पशुपन्छीमा देखिने विभिन्न महामारीजन्य रोगहरू जस्तै लम्पी स्किन रोग, खोरेत, पिपिआर, रानीखेत, रेबिज, क्लासिकल/अफ्रिकन स्वाईन फिभर, भ्यागुते, चरचरे, ब्रुसेलोसिस, बर्ड फ्लु आदि रोगहरूको अन्वेषण तथा नियन्त्रण लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) औषधि खरिद गर्ने,

(ख) खोप व्यवस्थापन गर्ने,

(ग) नमूना सङ्कलन तथा सम्प्रेषण,

(घ) आउटब्रेक अन्वेषण तथा व्यवस्थापन,

(ङ) खोपको प्रभावकारिता परीक्षण,

(३) पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तरगत खोप कार्य सञ्चालन गर्दा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रममा खोप कार्यमा संलग्न प्राविधिक भ्याक्सिनेटरहरूलाई पशुपन्छीमा खोप लगाए वापत ठूला चौपायाहरूको हकमा हिमाल पहाडमा प्रति पशु रु. ४० तराईमा प्रति पशु रु. ३० र साना चौपायहरूको



सचिव

हकमा प्रति पशु रु. १० र पन्छीको हकमा प्रति पन्छी रु. १ सुविधा वापत रकम उपलब्ध गराउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम भ्याक्सिनेटरको रुपमा काम गर्ने प्राविधिकहरूको खोप कार्य सञ्चालन हुने अवधिभरको लागि खोप कार्यमा हुनसक्ने जोखिम रक्षावरण गर्न स्वास्थ्य तथा जीवन वीमा भ्याक्सिनेटर नियुक्त गर्ने निकायले गर्न सक्नेछ ।

१०.१.४ <u>रेबिज नियन्त्रण कार्यक्रमः</u> (१) संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठन (FAO), विश्व स्वास्थ्य सङ्गठन (WHO), विश्व पशु स्वास्थ्य सङ्गठन (WOAH) र रेबिज नियन्त्रणका लागि विश्वव्यापी गठबन्धन (GARC) ले विश्वव्यापी रुपमा कुकुरको टोकाइबाट सर्ने रेबिजबाट हुने मानव मृत्युलाई सन् २०३० भित्र शून्यमा झार्ने लक्ष्य लिएकोमा नेपालमा समेत यो लक्ष्य प्राप्त गरी मानव जीवन रक्षा गर्ने उद्देश्य अनुरुप रेबिज नियन्त्रण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रेबिज नियन्त्रण कार्यक्रम अन्तरगत घरपालुवा, सामुदायिक तथा छाडा कुकुरमा रेबिज खोप कार्य सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यका लागि रेबिज रोग नियन्त्रण कार्यक्रमका लागि विनियोजित कुल बजेटको न्यूनतम ५०% रकम खर्च गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको कार्य बाहेक रेबिज नियन्त्रण कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) स्थानीय तहमा गैर-सरकारी क्षेत्रमा रेबिज नियन्त्रणमा कार्यरत सङ्घ-संस्थाको अभिलेखीकरण

(ख) सामुदायिक तथा छाडा कुकुर गणना गरी म्यापिङ गर्ने

(ग) घरपालुवा कुकुरको दर्ता अभिलेखीकरण गरी सम्बन्धित धनीलाई दर्ता प्रमाण-पत्र दिने

(घ) सामुदायिक तथा छाडा कुकुरको सङ्ख्या नियन्त्रण गर्ने

(ङ) स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकारवालासँग रेबिज नियन्त्रणको लागि अन्तरक्रिया गर्ने

(च) रेबिज रोग नियन्त्रण सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने

(छ) रेबिज रोग सर्भिलेन्स, नमूना प्रेषण तथा रिपोर्टिङ गर्ने

(ज) रेबिज रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रकाशन, प्रसारण तथा सञ्चालन गर्ने

**पुनश्चः** रेबिज विरूद्धको खोप कार्यका लागि खोप कार्ययोजना तयार गरी रेबिज रोगको जोखिम क्षेत्र पहिचान गरी उक्त स्थानमा रहेको कुकुर सङ्ख्या यकिन गर्नुपर्ने।

१०.१.५ <u>आधारभूत प्रयोगशाला कार्यक्रमः</u> (१) छिटो छरितो तरिकाले स्थानीय स्तरमा विश्वसनीय पशु रोग निदानको सेवा प्रदान गर्नको लागि भेटेरिनरी आधारभुत प्रयोगशाला सञ्चालन गर्नु पर्नेछ।



सचिव

(२) उपदफा (१) बमोजिमको प्रयोगशालामा न्यूनतम गोबर परीक्षण, थुनेलोको परीक्षण, स्कीन स्क्रापिङ परीक्षण, र रगतको परिजीवि परीक्षणको कार्य गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिएको परीक्षण सम्बन्धी प्रयोगशाला प्रतिवेदन प्रदेश स्थित सङ्घीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रयोगशाला परीक्षणको कार्य गर्नको लागि देहायका आवश्यक उपकरण तथा केमिलक रिएजेन्टहरू खरिद गर्न सकिने छ।

(क) बाईनोकुलर माईक्रोस्कोप

(ख) अटोक्लेभ

(ग) सेन्ट्रिफ्यूज मेसिन

(घ) हट-एयर ओभन

(ङ) म्याक-मास्टर स्लाईड (McMaster Slide)

(च) प्रयोगशाला डिजिटल तराजू

(छ) ग्लास स्लाईड

(ज) माईक्रो पिपेट

(झ) CMT Paddle तथा रिएजेण्ट

(ञ) गोबर परीक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेण्टहरू

(ट) रगत परीक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेण्टहरू

(ठ) स्कीन स्क्रापिङ्ग परीक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेण्टहरू

(ड) थुनेलो परीक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेण्टहरू

(५) उपदफा (४) मा भएका बाहेक अन्य उपकरण तथा केमिलक रिएजेन्टहरू खरिद गर्न आवश्यक भएमा विभागसँग समन्वय गरी खरिद गर्नुपर्नेछ।

## १०.२ उत्पादन अभिवृद्धि कार्यक्रम

**१०.२.१ कृत्रिम गर्भाधान मिसन कार्यक्रम:** (१) पशु नश्ल सुधारका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी दुध र मासुमा आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउने उद्देश्य अनुरुप कृत्रिम गर्भाधान मिशन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कृत्रिम गर्भाधान मिशन कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-



सचिव

(क) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फ्रोजन सिमेन र तरल नाइट्रोजन खरिद, ढुवानी र वितरण,

(ख) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि लजिस्टिक (नाइट्रोजन कण्टेनर, रेफ्री, ग्लोब, सिथ, थईङ्ग किट, एप्रोन, गमबुट, ए.आई.गन, आदि) व्यवस्थापन,

(ग) कृ.ग. अभिलेख व्यवस्थापन।

१०.२.२ <u>गाई/भैसी पालन असल अभ्यास प्रवर्द्धन कार्यक्रम:</u> (१) उपभोक्ताहरूलाई स्वास्थ्य पशु मार्फत स्वच्छ एवम् गुणस्तरिय पशुजन्य उत्पादन उपलब्ध गराउने र निर्यात प्रवर्द्धन समेत गर्ने उद्देश्यले इच्छुक फार्म/व्यवसायीहरूलाई गाई/भैसीपालन असल अभ्यासको प्रमाणीकरण सेवा प्रदान गर्न गाई/भैसीपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० अनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो। गाईभैसीपालन असल अभ्यास कार्यान्वयन कार्यक्रममा विनियोजित बजेट निम्न अनुसारका क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

(क) गाई/भैसीपालन असल अभ्यास कार्यान्वयन सम्बन्धी अभिमुखीकरण, प्रचार प्रसार।

(ख) फार्म निरीक्षण, मुल्याङ्कन, अभिलेखिकरणको लागि आवश्यक खर्चहरू।

(ग) गाई/भैसीपालन असल अभ्यास प्रमाणीकरण प्रक्रियामा संलग्न फार्महरूको जैविक सुरक्षा लगायतका मापदण्ड पुरा गर्न आवश्यक सामाग्री वितरण।

१०.२.३ <u>वङ्गुरपालन असल अभ्यास प्रवर्द्धन कार्यक्रम:</u> (१) उपभोक्ताहरूलाई स्वास्थ्य पशु मार्फत स्वच्छ एवम गुणस्तरिय पशुजन्य उत्पादन उपलब्ध गराउने र निर्यात प्रवर्द्धन समेत गर्ने उद्देश्यले इच्छुक फार्म/व्यवसायीहरूलाई वङ्गुरपालन असल अभ्यासको प्रमाणीकरण सेवा प्रदान गर्न वङ्गुरपालन असल अभ्यास कार्यान्वयन निर्देशिका २०८० अनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो। वङ्गुरपालन असल अभ्यास कार्यान्वयन कार्यक्रममा विनियोजित बजेट निम्न अनुसारका क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

(क) वङ्गुरपालन असल अभ्यास कार्यान्वयन सम्बन्धी अभिमुखीकरण, प्रचार प्रसार।

(ख) फार्म निरीक्षण, मुल्याङ्कन, अभिलेखिकरणको लागि आवश्यक खर्चहरू।

(ग) वङ्गुरपालन असल अभ्यास प्रमाणीकरण प्रक्रियामा संग्लग्न फार्महरूको जैविक सुरक्षा लगायतका मापदण्ड पुरा गर्न आवश्यक सामाग्री वितरण।

१०.२.४ <u>याक प्रवर्द्धन कार्यक्रम:</u> (१) देशमा याकको आनुवांशिक स्रोत संरक्षण र याक/चौरीजन्य उत्पादनको प्रवर्द्धन गरी निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) याक/नाक खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

९ सचिव

(ग) चरन खर्क/आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशु पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) गोठालाको लागि अत्यावश्यक सामाग्री व्यवस्थापन,

(ज) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू,

(झ) याक पालन सम्बन्धी सचेतनामूलक सामाग्री स्थानीय एफ.एम रडियोमा प्रसारण गर्ने।

**द्रष्टव्य:** याक/नाक पालनका लागि उपयुक्त नहुने स्थानीय तहहरूको हकमा चौरीपालन तथा व्यवस्थापनमा यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१०.२.५ <u>**च्याङ्ग्रा प्रवर्द्धन कार्यक्रम:**</u> (१) देशमा च्याङ्ग्राको आनुवांशिक स्रोत संरक्षण र च्याङ्ग्राजन्य उत्पादनको प्रवर्द्धन गरी निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) च्याङ्ग्रा खरिद तथा ढुवानी,

(ख) खोर निर्माण/सुधार,

(ग) चरन खर्क/आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशु पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) गोठालाको लागि अत्यावश्यक सामाग्री व्यवस्थापन,

(ज) स्थानीय स्तरमा पश्मिना उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री,

(झ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

(ञ) च्याङ्ग्रा पालन सम्बन्धी सचेतनामूलक सामाग्री स्थानीय एफ.एम रडियोमा प्रसारण गर्ने।



सचिव

**१०.२.६ भेडा प्रवर्द्धन कार्यक्रम:** (१) देशमा भेडाको आनुवांशिक स्रोत संरक्षण र भेडाजन्य उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) भेडा/थुमा खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

(ग) चरन खर्क/आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशु पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) स्थानीय स्तरमा उन उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री,

(ज) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू,

(झ) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

**१०.२.७ बाख्रा प्रवर्द्धन कार्यक्रम:** (१) देशमा बाख्राको आनुवांशिक स्रोत संरक्षण र बाख्राजन्य उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) बाख्रा/बोका खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

(ग) चरन खर्क/आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशु पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) स्थानीय स्तरमा मासु उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री,

(ज) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।



सचिव

(झ) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

१०.२.८ **भैंसी प्रवर्द्धन कार्यक्रम:** (१) देशमा भैंसीको आनुवांशिक स्रोत संरक्षण र भैंसीजन्य उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) गोठ निर्माण/सुधार,

(ख) चरन खर्क/आहार व्यवस्थापन,

(ग) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(घ) पशु पहिचान तथा अभिलेखिकरण,

(ङ) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(च) स्थानीय स्तरमा दुध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.२.९ **माछापालन प्रवर्द्धन कार्यक्रम:** (१) देशमा माछाको उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर हुने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) पोखरी निर्माण/सुधार,

(ख) माछा भुरा खरिद तथा ढुवानी,

(ग) मत्स्यपालन सम्बन्धी आवश्यक सामाग्री,

(घ) आहारा व्यवस्थापनमा आवश्यक औजार/उपकारण व्यवस्थापन,

(ङ) पानीको दिर्घकालिन स्रोत संरक्षण तथा व्यवस्थापन,

(च) औषधी उपचार/परजिवी नियन्त्रण कार्य,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(ज) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

द्रष्टव्यः *पशु सेवा विभागबाट जारी गरिएको "मत्स्य भुरा बारे मापदण्ड, २०६१" मा माछापालनका लागि सिफारिस गरिएका जातहरू पालनका लागि मात्र यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।*

१०.२.१० **भेडा/बाखा प्रवर्द्धन कार्यक्रमः** (१) देशमा भेडा/बाखाको आनुवांशिक स्रोत संरक्षण र भेडा/बाखाजन्य उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) भेडा/थुमा तथा बाखा/बोका खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

(ग) चरन खर्क/आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशु पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) स्थानीय स्तरमा उन तथा मासु उत्पादन र प्रशोधनका लागि आवश्यक सामाग्री,

(ज) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

(झ) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

१०.२.११ **गाई/भैसी प्रवर्द्धन कार्यक्रमः** (१) देशमा गाई/भैंसीको आनुवांशिक स्रोत संरक्षण र गाई/भैंसीजन्य उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) गोठ निर्माण/सुधार,

(ख) चरन खर्क/आहार व्यवस्थापन,

(ग) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(घ) पशु पहिचान तथा अभिलेखिकरण,

(ङ) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(च) स्थानीय स्तरमा दुध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री,



सचिव

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

(झ) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

१०.२.१२ <u>मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम/ मासु मिसन कार्यक्रम अन्तरगत पाडा प्रवर्द्धन:</u> (१) देशमा राँगा/भैसीजन्य मासु उत्पादनको हालको अवस्थामा उल्लेख्य बृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष हासिल गर्नका सघाउ पुर्याउने उद्देश्यले मासुका लागि प्रयोग हुने पाडा पालन गर्न सकिने सम्भावना बोकेका स्थानीय तहहरूमा यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) पाडा खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

(ग) आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशु पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.२.१३ <u>चरन खर्क सुधार कार्यक्रम/ खर्क सुधार कार्यक्रम:</u> (१) उच्च पहाडी तथा हिमाली क्षेत्रमा रहेका चरन तथा खर्कहरूको संरक्षण, उत्पादन,उत्पादकत्व वृद्वी गर्दै तिनमा आस्रित पशु अनुवाशिंक स्रोत संरक्षण,सम्बर्द्धन र दिगो उपभोग गर्दै स्थानीय समुदायको जीविको पार्जन सुधार, जलवायु परिवर्तनले पारेको असर न्यूनिकरण र पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) स्थानीय चरन खर्कमा भएका स्थानीय तथा उन्नत जातका घाँस प्रवर्द्नका लागि बीउ, मलको व्यवस्थापन।

(ख) चरन खर्कमा आवशयक पानीको स्रोत, बाटोघाटो, पुलपुलेसा आदी संरचना निर्माण/सुधार।

(घ) चरन खर्कमा भएका विषालु घाँस तथा वनस्पतीहरूको नियन्त्रणका लागि आवश्यक कार्यहरू।

(ङ) खर्कको गुणस्तरमा ह्रास आउन नदिँने उत्पादन स्तर एवम् क्षमता अनुसार चरिचरन गर्ने व्यवस्था मिलाउनका लागि आवश्यक व्यवस्थापकीय कार्यहरू।

(च) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.२.१४ **हे/साइलेज प्रवर्द्धन कार्यक्रम:** (१) घाँसमा आधारित व्यवसायिक गाई भैंसी तथा बाख्रा पालन प्रवर्द्धन गर्न पशु बहाराको कमी लाई सम्बोधन गर्न र उत्पादन लागत कम गरी प्रतिपरुधी क्षमता वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) हे/साईलेज उत्पादनको लागि घाँस खेती,

(ख) हे/साईलेज उत्पादनका लागि आवश्यक संरचना निर्माण/सुधार तथा मेसिनरी औजार व्यवस्थापन,

(ग) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

(घ) हे/साइलेजको गुणस्तर प्रवर्द्धन कार्यक्रम,

(ङ) प्याकेजिङ, ब्राण्डिङ तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम।

१०.२.१५ **बाख्रा स्रोत केन्द्र कार्यक्रम:** (१) बाख्राको अनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजनन् मान भएका नश्लहरूको उत्पादन तथा वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) उच्च प्रजनन् मान भएका बाख्राको खरिद तथा ढुवानी,

(ख) खोर निर्माण/सुधार,

(ग) आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुको पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।



सचिव

(ञ) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

१०.२.१६ <u>भेडा स्रोत केन्द्र कार्यक्रम:</u> (१) भेडाको अनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजनन् मान भएका नश्लहरूको उत्पादन तथा वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) उच्च प्रजनन् मान भएका भेडाको खरिद तथा ढुवानी,

(ख) खोर निर्माण/सुधार,

(ग) आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुको पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

(ज) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

१०.२.१७ <u>गाई/भैसी स्रोत केन्द्र कार्यक्रम:</u> (१) गाई/भैसीको अनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजनन् मान भएका नश्लहरूको उत्पादन तथा वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) उच्च प्रजनन् मान भएका गाई/भैसीको खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

(ग) आहारा व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) उच्च उत्पादन र उत्पादकत्व भएका पशुहरूको पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

(ज) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

१०.२.१८ <u>स्थापना भएको **Buffalo calf hostel** को क्षमता विस्तार:</u> (१) देशमा राँगा/भैसीजन्य मासु उत्पादनको हालको अवस्थामा उल्लेख्य बृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष हासिल गर्नका सघाउ पुर्याउने उद्देश्यले मासुका लागि प्रयोग हुने पाडा पालन गर्न सकिने सम्भावना बोकेका स्थानीय तहहरूमा Buffalo calf hostel को क्षमता विस्तार कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) पाडा खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

(ग) आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशु पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

(ज) घाँसेबाली तथा डालेघाँस विस्तार, नश्ल सुधार तथा छनौट।

१०.२.१९ <u>खोरेत रोग जोनिङ एण्ड कम्पार्टमेन्टलाइजेसन कार्यक्रम:</u> (१) विश्व व्यापार सङ्गठन र विश्व पशु स्वास्थ्य सङ्गठनले तोकेका विधि तथा प्रक्रिया लागयतका प्रावधानहरूको पालना गर्दै मुलुक भित्रका तोकिएका क्षेत्र वा स्थानका पशुमा खोरे रोग विशेषको रोकथाम तथा नियन्त्रण वा निवारण वा उन्मुलन गरी स्वस्थ पशु, स्वच्छ पशुजन्य पदार्थको उत्पादन र गुणस्तरिय पशु उत्पादन सामाग्रीको प्रमाणीकरण सहित निर्यात सुनिचश्चित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) पशुको पहिचान गर्ने,

(ख) रोगको सर्भिलेन्स गर्ने,

(ग) नमुना सङ्कलन तथा प्रेषण गर्ने,

(घ) औषधी उपचार तथा खोप कार्य,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) पशुपालनका असल अभ्यास पालना सम्बन्धि कार्य गर्ने,



सचिव

(ज) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.३ <u>पूवर्धार विकास/निर्माण कार्यक्रम</u>

१०.३.१ <u>पशुपन्छी विपत पुनर्स्थापना कार्यक्रमः</u> (१) पशुपन्छीपालनमा प्राकृतिक विपद् तथा प्रकोपबाट क्षति भएका कृषकहरूलाई पशुपन्छीपालन व्यवसायमा पुनर्स्थापन गर्न यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) गोठ/खोरको पुननिर्माण/सुधार,

(ख) पशुपन्छी खरिद तथा ढुवानी,

(ग) आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.३.२ <u>वङ्गुर स्रोत केन्द्र पुनर्स्थापना (निरन्तरता):</u> (१) वङ्गुरको अनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजनन् मान भएका नश्लहरूको उत्पादन तथा वितरण गर्ने उद्देश्यले वङ्गुर व्यवासय संचलान गर्दै आएका कृषक एवम् व्यवसायीहरूको लागि यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) उच्च प्रजनन् मान भएका वङ्गुरको खरिद तथा ढुवानी,

(ख) खोर निर्माण/सुधार,

(ग) आहार व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) वङ्गुरको पहिचान तथा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरू,

(छ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।



सचिव

(ज) नश्ल सुधार तथा छनौट।

१०.३.३ <u>गौशला निर्माण कार्यक्रम/ गौशला निर्माण तथा सुदृढिकरण/ गौशला पूर्वधार सुदृढिकरण तथा सामुदायिक पशु व्यवस्थापन:</u> (१) छाडा तथा सामुदायिक पशु व्यवस्थापन गरी पशु कल्याण सुनिश्चितता कायम गर्ने उद्देश्य अनुसार यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) गौशाला तथा काञ्जी हाउसको लागि भौतिक पूर्वाधार निर्माण, बारबन्देज तथा आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन,

(ख) पशु वस्तुको आहाराको लागि घाँस लगाउने, मिनरल, पराल दाना लगायतका आहारा व्यवस्थापन

(ग) औषधी उपचार, खोप तथा रोग नियन्त्रण,

(घ) मलमुत्र व्यवस्थापन, गोबर ग्यास प्लाण्ट निर्माण, कम्पोष्ट पिट निर्माण,

(ङ) गौशालामा आएका पशु पहिचान तथा अभिलेखीकरण,

(च) गौशालामा व्यवस्थापन गरिएका गाईलाई आवश्यकता अनुसार विशेष उपचार गरी प्रजननयोग्य बनाई समुदायमा पालनको लागि वितरण गर्ने।

१०.४ <u>बजारीकरण कार्यक्रम</u>

१०.४.१ <u>दुग्ध सङ्कलन केन्द्र निर्माण:</u> (१) स्थानीय स्तरमा गुणस्तरीय दुध संङ्कलन, ढुवानी, भण्डारण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) दुध सङ्कलन, ढुवानी, भण्डारण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण,

(ख) क्यान, कण्टेनर, डिपफ्रिज, चिलिङ्ग भ्याट तथा बजारिकरणका लागि आवश्यक यन्त्र उपकरणहरूको व्यवस्थापन,

(ग) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.४.२ <u>डेरी प्रवर्द्धन कार्यक्रम:</u> (१) स्थानीय स्तरमा गुणस्तरीय दुध सङ्कलन, ढुवानी, भण्डारण,उत्पादन विविधीकरण गरी बजारिकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) दुध सङ्कलन, ढुवानी, भण्डारण, विविधिकरण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ख) क्यान, कण्टेनर, डिपफ्रिज, चिलिङ भ्याट तथा विविधिकरण र बजारिकरणका लागि आवश्यक यन्त्र उपकरणहरूको व्यवस्थापन।

(ग) दुध तथा दुग्ध जन्य उत्पादनको गुणस्तर व्यवस्थापनका लागि मिनी प्रयोगशाला सञ्चालनका लागि आवश्यक यन्त्र उपकरण तथा रियाजेन्ट व्यवस्थापन।

(घ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.४.३ <u>छुर्पी प्रवर्द्धन कार्यक्रमः</u> (१) पशुजन्य उत्पादनहरू मध्ये निर्यातमा प्रमुख हिस्सा ओगट्ने छुर्पीको गुणस्तरीय उत्पादन र निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(२) यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(क) छुर्पी उत्पादन, भण्डारण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण तथा मेसिनरी औजार व्यवस्थापन।

(ख) छुर्पीको गुणस्तर व्यवस्थापमान र प्रवर्द्धन गर्नेका लागि प्रयोगशाला र अन्य आवश्यक सामाग्री व्यवस्थापन।

(घ) छुर्पी सुकाउन र प्याकेजीङ्गका लागि आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन।

(ङ) होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरू।

१०.४.४ <u>मासु प्रशोधन कार्यक्रमः</u> (१) स्वच्छ मासु उत्पादन, प्रशोधन, भण्डारण र ढुवानी गरी जनस्वास्थ्यको हित कायम गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछः-

(२) यो कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) आवश्यक संरचना निर्माण/ सुधार, मेशिनरी, औजार, यन्त्र, उपकरण, विशेष प्रकारका तोकिए बमोजिमको ढुवानी साधन आदि व्यवस्थापन।

(ख) बिक्री कक्ष, आउटलेट, फ्रिजर, डिपफ्रिज, कोल्ड रुम, ब्लास्टिङ् रुम, मिनी प्रयोगशाला, भ्याकुम प्याकर, स्टेनलेस स्टिल टेबल, मिट कटर, चपिङ्ग बोर्ड, ईलेक्ट्रिक वेयिङ्ग मेसिन, प्याकेजिङ् मेशीन तथा अन्य यन्त्र उपकरण।

१०.४.५ <u>पशु बधशाला स्थापना सहयोग कार्यक्रम/बधशाला स्थापना कार्यक्रमः</u> (१) स्वस्थ पशुपन्छीको मानविय वद्य गरी स्वच्छ मासु उत्पादन, प्रशोधन, भण्डारण र ढुवानी गरी जनस्वास्थ्यको हित कायम गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछः-



सचिव

(२) यो कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

